आज मिति २०७७ साल जेठ २९ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ७६ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

**तपशिल**

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| 10 | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोँखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

# नगरकार्यपालिकाको मिति २०७७/०२/२९ गतेको ७६ औ वैठकको निर्णयहरु

निर्णय १ : जिल्ला विपद व्यवस्थापन समिति लमजुङ्गलाई विपद तथा क्वारेन्टीन व्यवस्थापन खर्च स्वरुप थप रु ५,००,०००(अक्षेरुपी पाँच लाख) प्रदान गर्ने निर्णय गरियो ।

निर्णय २ : यस नगरपालिकाले कोभिड-१९, प्रकोपको व्यवस्थापन तथा राहत कार्य स्वरुप वितरित विभिन्न राहत सामाग्रीहरुको खर्च प्रचलित कानुनअनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय ३ : पत्रकार महासंघ लमजुङलाई यस नगरपालिकाको सूचना प्रसारण सम्प्रेषण गर्न गरेको सहयोगार्थ स्वरुप रु १,००,००० (अक्षेरुपी एकलाख मात्र ) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय ४ : यस नगरपालिका वडा नं. १०, निवासी श्री मञ्जु भण्डारी मृगौला ट्रान्सप्लान्ट गरि औषधोपचार गर्न असहज भएकाले सहयोग स्वरुप रु ५०,००० । (पचास हजार) मात्र सहयोग प्रदान गर्ने निर्णय गरियो ।

निर्णय ५ : यस नगरपालिका वडा नं. ७ स्थित लमजुङ नाका प्रवेश गर्ने पाउँदी गेटमा डिस्इन्फेक्सन गर्ने प्रयोजनले खटाइएका यस न.पा वडा न ७ निवासी श्री मान बहादुर घर्ती लाई दैनिक ज्यालादारीमा रु ७५० तथा अतिरिक्त समयको कामकाज गरेवापत खाजा र खाना खर्चको विल भपाई अनुसार हुने गरी, डोर हाजीरीको रेकर्ड अनुसार काम सुरु भएको मिति २०७७ बैशाख २ गतेबाट ज्येष्ठ मसान्तसम्मको लागि हुन आउने रकम नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय ६ : यस न.पा वडा नं. ११ स्थित सिन्दुरे, पोमे भन्ने ठाउँमा निर्माणधीन सडकको अधुरो काम रहेकोमा उक्त कारणले तहाँ निवासी श्री कृष्ण बहादुर दुराको घर जोखिमपूर्ण अवस्थामा रहि क्षतिग्रस्त हुने स्थिति श्रृजना भएको हुँदा त्यस स्थानमा आवश्यक ग्याविन जालि भर्नको लागि आबश्यक रकम प्राविधिक इस्टिमेटका तथा मूल्यांकनका आधारमा कार्य सम्पन्न भइसकेपछि नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय ७ :यस आ.व को छैटौं नगरसभा यहि मिति २०७७/०३/१० गते सुरु गर्ने निर्णय गरियो ।

निर्णय ८ : मिति २०७६ साउन १० गते यस नगरपालिकाद्धारा आयोजित बन, कृषि, पशु सेवा शाखाको कृषकहरुको १ दिने समन्वयात्मक अन्तरकृया कार्यक्रमको खाजा खर्च वापतको रकम रु १०,७००।-( अक्षेरुपी दश हजार सात सय मात्र ) बिल भर्पाईको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

र्णय नं. ९ : यस नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई आबश्यक ईन्धन खर्च बापत आबश्यक रकम रु ६,००,०००।- ( छ लाख मात्र) बिनियोजन गर्ने निर्णय गरियो ।

र्णय नं. १०: यस नगरपालिका बडा नं. ३ स्थित पशु सेवा उपशाखा चन्द्रेश्वरको कार्यालय प्रयोजनको लागि लिईएको २ वटा कोठाको भाडा बापतको रकम प्रतिमहिना रु १७५०।- ( सत्र सय पचास मात्र) का दरले मिति २०७६ साउन १ गतेबाट २०७७ असार मसान्तसम्म हुन आउने एकमुष्ट रकम रु २१,०००( एक्काईस हजार मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

२०७७/०२/२९